नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

शाखाः मानवस्रोत विकास, लेखा सुदृढीकरण तथा योजना

पत्र संख्याः २०७८/७९ मितिः २०७८/१२/१७

चलानी नं.: १५५

विषयः आ.व. २०७९/८० को LMBIS मा बजेट प्रविष्टि सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै (८१) ।

आगामी आ.व. २०७९/८० का लागि अर्थ मन्त्रालयबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शन अनुसारको बजेट सीमा सबै कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रयोग गर्ने LMBIS मा प्रविष्टि गरिएको छ । बजेट प्रविष्टि गर्दा तपसिल अनुसारका विषयहरूलाई अनिवार्य पालना हुने गरी ३ दिन भित्र प्रविष्ट गर्नु हुन आदेशानुसार अनुरोध छ ।

तपशिल :

१. पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति लगायतका नतिजा सुचकहरू हाँसिल गर्न योगदान पुग्ने,
२. आगामी आ.व. २०७९/८० तथा मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१-८२) को लागि बजेट खर्चको सीमा तथा मार्गदर्शन पालना गर्ने,
३. अनिवार्य दायित्व (तलब, भत्ता, योगदानमा आधारित निवृत्तभरण कोष खर्च, बीमा, घरभाडा, सञ्चार महशुल, पानी तथा बिजुली आदी) मा पछि फरक नपर्ने गरी आवश्यक रकम अनिवार्य विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने,
४. पूँजीगत बजेटका हकमा भवन निर्माण गर्नुपर्ने कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले भवन निर्माण शिर्षकमा अनिवार्य बजेट विनियोजन गरेर मात्र अन्य शिर्षकमा विनियोजन गर्ने,
५. पूँजीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा मितव्ययीतालाई प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गर्नुका साथै, वित्तीय अनुशासन कायम हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने ।

.........................
रविन कोईराला
उपमहालेखा नियन्त्रक


अनामनगर, काठमाडौं, फोन-०१ ४७७१२९०, ४७७०७४९, ४७७०३५१ (ext-२९६), फ्याक्स. : ०१ ४७७१२९१
Email : hrdsection@fcgo.gov.np Web : www.fcgo.gov.np